# वार्षिक कार्ययोजना, २०७९

नेपाल सरकार गृह मन्त्रालयको मार्गनिर्देशनमा रही जिल्ला प्रशासन कार्यालय सिरहाले दैनिक रुपमा कार्यसम्पादन गर्दै आईरहेको छ। मुलत: शान्ति सुरक्षाको बहाली गर्दै अपराध न्यूनीकरण गर्नु, सामाजिक सौहाद्रता बढाउनु, जिल्ला भर सुशासन कायम गर्न पहल गर्नु, नागरिकका दैनिक समस्या समाधान लगायतका कार्यहरु कुशलतापूर्वक सम्पन्न गर्दै आएको छ। श्रीमान् सचिवज्यूसँग भएको कार्यसम्पादन करारको आधारमा प्रगति प्रतिवेदन पेश गर्दै जिल्लाभर नविन (Innovative) र सिर्जनात्मक (Creative) कार्य गर्ने जिल्ला प्रशासन कार्यालयले आ.ब. ०७९/०८० मा निम्न बमोजिम कार्य गर्ने लक्ष्य तथा उद्देश्य लिएको छ।

**१. श्रावण/भदौ/असोज/कार्तिक महिनामा सम्पन्न गर्ने क्रियाकलापहरु :**

(क) नेपाल सरकारद्वारा आगामी मंसिर ४ गतेका दिन प्रस्ताव गरेको संघ र प्रदेशस्तरको सभाको चुनावलाई निष्पक्ष, भयरहित र मर्यादित सम्पन्न गर्नका लागि निम्न (Tasks) सम्पन्न गरिनेछ।

$T_1$ राजनीतिक दलहरुको गठबन्धन अवस्थाको सुक्ष्म बिश्लेषण गर्ने।

$T_2$ राजनीतिक दलहरुलाई शान्तिपूर्ण सहभागिताका लागि र सक्रियतापूर्वक आह्वान गर्न पटक पटक छलफल/बैठकहरु गरिनेछन्।

$T_3$ निर्वाचन बिरोधी ( Non Political elements) को पहिचान गर्न सहयोग र समन्वय गरिनेछ।

$T_4$ विपद् न्यूनीकरणका लागि हातेमालो गर्दै कार्य गरिनेछ।

(ख) अझै पनि नागरिकता/राहदानी र परिचयपत्रका लागि आवश्यक कागजातहरु सिफारिस गर्ने सम्बन्धमा वडा कार्यालयहरुले सम्पूर्ण रुपमा दुरुस्त पठाउने सकेको अवस्था छैन तसर्थ पटक पटक जिल्ला प्रशासन कार्यालय आउनु जानुपर्ने बाध्यतालाई घटाउन निम्न क्रियाकलापहरु गरिनेछ।

$T_1$ वडा स्तरमा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने।

$T_2$ जन्मको आधारमा नागरिकता प्रदान गर्ने सम्बन्धमा निम्न २ उपक्रमहरु गरिनेछ।

- विहान/बेलुका Shiftwise कार्यालय संचालन गरिनेछ।
- कार्यालयमा हुने भीड नियन्त्रणका लागि स्वंयसेवक परिचालन गर्न NGOS सँग सहयोग लिईनेछ।

(ग) चाडपर्वको अवसरमा वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने हेतुले निम्न क्रियाकलापहरु संचालन गरिनेछ।

$T_1$ पालिकास्तरको बजार अनुगमनमा यस कार्यालयका कर्मचारी सहयोगी रहने।

$T_2$ उद्योग बाणिज्य संघ लगायतका संस्थाहरु सँग छलफल गरिनेछ।

जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय
सिरहा

$T_3$ तस्करी र कालोबजारी नियन्त्रण गर्नका लागि उद्योग बाणिज्य कार्यालय लगायतका संघ संस्थाहरुसँग समन्वय गरिनेछ।

**२. मंसिर/पुस/माघ/फागुन :**

सार्वजनिक जग्गाहरुको संरक्षण तथा प्रचलनमा सहयोग पु-याउने हेतुले निम्न क्रियाकलापहरु संचालन गरिनेछ ।

$T_1$ जिल्लास्तरमा रहेका मालपोत कार्यालयहरु सिरहा र लहान तथा नापी कार्यालयहरु सँग अतिक्रमण भएका सार्वजनिक जग्गाहरुको लगत संकलन गर्ने सम्बन्धमा पटक पटक छलफल गरिनेछ ।

$T_2$ भविष्यमा सबै पालिकाका मेयर/उपमेयर, अध्यक्ष/उपाध्यक्ष लगायत प्रमुख प्रशासकीय अधिकृत सँग छलफल गरी यथार्थ लगत (Real data) संकलन गरिनेछ ।

**३. चैत्र/बैशाख/जेष्ठ/असाढ :**

विकास निर्माणको सुसंचालन गर्न जिल्ला भित्रका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी योजनाको सहज संचालनका लागि टेवा पु-याउने निम्न क्रियाकलापहरु गरिनेछ ।

$T_1$ विकास निर्माण सम्बन्धी कामको प्रगति बढाउन तथा विकास निर्माणसँग सम्बन्धित शान्ति सुरक्षा लगायतका विषयमा कार्यालयहरुसँग छुट्टै बैठक बसाई आवश्यक पहल गरिनेछ ।

$T_2$ कार्यालयको मासिक बैठकमा योग सम्बन्धी आधा घण्टाको Demonstration गरी " स्वच्छ रहुँ जीवन जिउँ " भन्ने क्रियाकलापद्वारा स्वास्थ्य बृद्धिमा टेवा पु-याउन पत्तञ्जली योग पीठ तथा जिल्ला आयुर्वेद कार्यालयसँग सहकार्य गरिनेछ ।

**४. वर्षभरि गरिने क्रियाकलापहरु:**

$T_1$ प्रदेशस्तरमा रहेका बाणिज्य कार्यालय तथा घरेलु तथा साना उद्योग कार्यालयसँगै जिल्ला प्रहरी कार्यालयबाट बजार अनुगमन गरिनेछ ।

$T_2$ जिल्लामा मिटर व्याजीहरुको प्रकोप/ अत्याचार धेरै ठुलो संख्यामा रहेको छ । पिडित व्यक्तिहरुको पक्षमा काम गर्न यो विषयलाई महत्व दिई विभिन्न चरणका छलफल गर्न र मर्का परेको पक्षको सन्तुष्टि बढाउन सम्बन्धित दुवै पक्षलाई निष्कर्ष/निकास दिन उत्प्रेरित गरिनेछ । मनोवैज्ञानिक दवाव दिइनेछ ।

$T_3$ जिल्ला स्थित कार्यालयहरुको अनुगमनलाई नियमित बनाईनेछ ।

प्रमुख जिल्ला अधिकारी